



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




❑ वर्ष २५ ❑ अङ्क १७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार २० गते बिहीबार ❑ 4 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## राष्ट्र अप्ठ्यारोमा परेका बेला दलहरूबीच संवाद र साझा प्रयास आवश्यक -अध्यक्ष ओली

**रासस**
काठमाडौं, १९ असार

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्र अप्ठ्यारोमा परेका बेला ठूला दलहरूबीच संवाद र साझा प्रयासका माध्यमबाट मुलुकलाई सहजता प्रदान गर्नुपर्ने बताउनुभएको छ ।

रासससँग हालैको एक अन्तर्वार्तामा अध्यक्ष ओलीले भन्नुभयो, "हामी लोकतन्त्रमा स्वच्छ प्रतिस्पार्धाका आधारमा चल्नुपर्छ भन्नेमा छौं । हामीले मिलेरै संविधान बनायौं, मिलेरै अघि बढ्ने हो । मिलेरै अघि बढ्दा मुलुकका लागि आवश्यक निकास दिन सकिन्छ ।"

मुलुकका खासखास समस्याका समयमा तिनको समाधानका लागि नेपाली कांग्रेस, एमालेसहितका ठूला दल मिलेर मुलुकको नेतृत्व गर्ने कुरामा के सोच्नुभएको छ ? भन्ने रासससको जिज्ञासामा अध्यक्ष ओलीले संविधान जारी हुने समयमा कांग्रेससँग सहयात्राका लागि एमालेले नै प्रस्ताव गरेको स्मरण गर्दै कांग्रेस संवादमा आउँदा आफूहरू कहिल्यै पनि पछि नहटेको स्पष्ट पार्नुभयो ।

राष्ट्रिय मुद्दामा संवाद र सहमतिको यात्राबाट एमाले पछि नहट्ने र त्यसको अगुवाइ गर्ने उल्लेख गर्दै उहाँले भन्नुभयो, "यस्तो अवस्थामा एमालेले विगतमा पनि अगुवाइ गरेर लोकतान्त्रिक तवरबाट मार्गप्रशस्त गरेको हो र अहिले पनि आवश्यक पर्दा त्यसबाट पछि हट्दैन ।"

"विनासकारी भूकम्पपछि त्यसबेला प्रतिपक्षमा रहेर पनि नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सँग मिलेर पुनःनिर्माण र संविधान निर्माणमा लाग्ने प्रतिबद्धताका साथ रचनात्मक भूमिका निर्वाह गरेको कुरा पनि बिर्सन हुँदैन । हामीले विगतमा पनि मिलेरै देश र जनताका लागि काम गरेको इतिहास छ । आवश्यक परेमा सबैसँगै आउनुपर्छ । विगतमा एमाले, कांग्रेस र माओवादी केन्द्रले नै राष्ट्रका लागि सँगै काम गरेको हो", उहाँले स्मरण गर्नुभयो ।

अहिले नागरिकले मुलुकमा स्थायित्व खोजिरहेका छन् । यसका लागि नेपालको परिवर्तनका संवाहक रहेका तीन ठूला दल नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र मिलेर सरकार निर्माण गरेर देशलाई राजनीतिक स्थायित्व दिने प्रयोजनका लागि आवश्यक संवाहकको पहल किन नगर्ने भन्ने प्रश्नमा अध्यक्ष ओलीले सो जवाफ दिनुभयो । उहाँले भन्नुभयो, "एमाले जनताको चाहना र राष्ट्रको आवश्यकता बुझेर काम गर्ने पार्टी हो, मुलुकको स्थायित्वका लागि परिवर्तनका संवाहकहरूको सहकार्य आवश्यक छ । यसका लागि अग्रसरता लिने पक्षमा एमाले छ ।" संविधान साध्य होइन, साधन हो ।

देश र जनताको सुख र समृद्धि साधन हो भन्दै अध्यक्ष ओलीले भन्नुभयो, "हामीले तरकारी नकाटी हुँदैन, तर तरकारी काट्दा चुलेसीसँग खेलबाड गरियो भने हात काट्न सक्छ । साधनहरू चलाउँदा सावधानी अपनाउनुपर्छ । हामीबीच जति पनि असमझदारी छन्, ती हटाउने संवादबाट नै हो । संवादबाट सहमतिमा जान सकिन्छ।

साझा अनुभूतिलाई अनुभवका रूपमा सहमति विकास गर्नुपर्छ । फेरि पनि संवाद आवश्यक छ । सबै कुरामा सहमति हुन्छ भन्ने होइन, आधार भूत रूपमा सहमति हुनुपर्छ । पक्ष-प्रतिपक्षको स्वच्छ प्रतिस्पर्धाको बहुदलीय प्रणाली हामीले रोजेर ल्याएको हो, यस प्रणालीलाई अस्वीकार नगरी सहमतिलाई स्वीकार गर्न सकिन्छ । त्यसकारण सहमति हुन्छ । कस्तो बेलामा प्रतिस्पर्धा र कतिबेला सहमति भन्ने हुन्छ ।" एकप्रश्नमा उहाँले आफूहरूलाई सरकारमा बसेर जनतालाई कुनै पनि उपलब्धि दिन नसक्ने छुट नभएको जवाफ दिनुभयो । सरकारमा देशको विकास गर्न तथा जनतालाई सुविधा दिनका लागि जाने हो । जनतालाई सेवा सुविधा दिन हो । तर कसैकसैका लागि मात्र हुनेगरी काम गर्ने छुट हामीलाई सरकारमा बसेर हुँदैन, उहाँको भनाइ थियो ।

अध्यक्ष ओलीले भन्नुभयो, "जनताका समस्या सम्बोधन गर्न नसकेमा हामी सरकारमा बस्नुको औचित्य के हुन्छ र ? देश र जनताका समस्या सम्बोधन गर्न नसकिए कुनै पनि सरकारको अर्थ छैन ।"

अध्यक्ष ओलीले संविधानले परिकल्पना गरेको प्रणालीको विकास र कानुनी निर्माण गर्नुपर्ने अवस्थामा आफूहरूले मिलेर जाउँ भनेर कांग्रेससँग प्रस्ताव गरेको टिप्पणी गर्नुभयो । यसमा कांग्रेस पनि गम्भीर हुनुपर्ने उहाँको भनाइ छ ।

अध्यक्ष ओलीले भन्नुभयो- "लोकतन्त्रका आधारभूत प्रश्नमा हामी एक ठाउँमा छौं र हुनुपर्छ । यो प्रणाली हामीले लडेर र रोजेर ल्याएको हो । यसलाई बलियो बनाउनुपर्छ । कार्यान्वयनका क्रममा स्थितिमा संविधान संशोधन पनि गर्नुपर्ने हुन्छ । किनभने चरम दबाबका बीच हामीले संविधान ल्याएको हो । संविधान नल्याउँदा नेपाल अराजकतामा फस्न सक्ने थियो, त्यसकारण कतिपय कमीकमजोरीका बीच हामीले संविधान ल्यायौं । जनतालाई केन्द्रमा राखेर यसको सफल कार्यान्वयनका लागि हामीहरू संवाद र सहमतिमा लाग्नुपर्ने हुन्छ।"

## कांग्रेसद्वारा एमालेसँग भएको सहमतिको स्वागत र समर्थन

**रासस**
काठमाडौं, १९ असार

नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (एमाले)सँग यही असार १७ गते राष्ट्रिय सहमतिको सरकार गठनसम्बन्धमा गरेको सहमतिको स्वागत एवं समर्थन गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको आजको बैठकले दुई दलबीच राष्ट्रिय हितको रक्षा, भ्रष्टाचार नियन्त्रण गरी देशमा सुशासन कायम गर्न, विकास-निर्माणको अभियानलाई तीव्रता दिन, राजनीतिक स्थायित्व कायम गर्नका लागि भएको सहमतिको स्वागत एवं समर्थन गरेको मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

बैठकले संविधानको अभ्यासको समीक्षा गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समावेशितालाई सुदृढ गर्ने गरी संविधान संशोधन गर्न, अर्थतन्त्रलाई बलियो बनाउन र यी उद्देश्य प्राप्तिका लागि राष्ट्रिय सहमतिको सरकारको नेतृत्व पहिलोपटक नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र दोस्रोपटक कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्नेगरी भएको सहमतिलाई कार्यान्वयन गर्न दृढता व्यक्त गरेको छ ।

पार्टी सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको निवास, बूढानीलकण्ठमा भएको बैठकले कांग्रेस र एमालेबीच नेपालको संविधानको धारा ७६ (२)

बाँकी अन्तिम पृष्ठमा ▶▶






# गुप्तेश्वर क्याम्पसमा अनुसन्धान मुलक अन्तराष्ट्रिय सम्मेलन हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पोखरामा अवस्थित गुप्तेश्वर महादेव बहुमुखी क्याम्पसमा असार २१ र २२ गते अन्तराष्ट्रिय सम्मेलन हुने भएको छ।

'दिगो व्यापार र व्यवस्थापन' विषयमा सञ्चालन हुने उक्त सम्मेलनमा स्वदेशी तथा विभिन्न विदेशी विश्वविद्यालयका प्रतिनिधिहरूको उपस्थिति रहने छ। विश्वविद्यालय अनुदान आयोगको आर्थिक सहयोगमा हुने उक्त कार्यक्रमको आयोजक गुप्तेश्वर महादेव बहुमुखी क्याम्पस रहने छ भने आदिकवी भानुभक्त क्याम्पस, तनहुँ र सिनावत्र विश्वविद्यालय, थाइल्याण्ड सहकार्यको भूमिकामा रहने छन्।

दिगो व्यापार र व्यवस्थापन क्षेत्रका समस्या पहिचान गरी समाधानका उपायहरु खोजि गर्नुनै कार्यक्रमको मुख्य उद्देश्य रहेको क्याम्पस प्रमुख धर्मराज बरालले बताउनु भएको छ। उहाँले विभिन्न देशका विश्वविद्यालयका प्रतिनिधिहरु उपस्थित हुने उक्त कार्यक्रमले व्यवस्थापनका विद्यमान परिस्थितिको उजागार तथा दिगो व्यवस्थापनका पक्षमा घनिभूत छलफल गरी नीति निर्माणका बारेमा सहयोगी हुने कुरा बताउनु भएको थियो।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीको प्रमुख आतिथ्यतामा सञ्चालन हुने उक्त कार्यक्रममा प्यानल छलफलका लागि पूर्व गर्भनर तथा राष्ट्रिय योजना आयोगका पूर्व अध्यक्ष दिपेन्द्रबहादुर क्षत्री, नबिल बैंक, माइक्रो फाइनान्सका प्रमुख अमित श्रेष्ठ, उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी रहनु हुनेछ भने सहजकर्ताको रुपमा पोखरा विश्वविद्यालयका सह-प्राध्यापक डा. सुर्यबहादुर जि.सी. रहनु हुनेछ। त्यसै गरी सो कार्यक्रममा प्रमुख वक्ताका रुपमा सिनावत्रा विश्वविद्यालय, व्यवस्थापन सङ्काय थाइल्याडका डिन प्रा. सरना फोट्नाचन तथा ए.के. मभुबुल ह्ये एवम् पोखरा विश्वविद्यालयका प्रा.डा. इन्द्रप्रसाद तिवारी रहनु हुनेछ। सो कार्यक्रममा स्वदेशी तथा विदेसी विश्वविद्यालयबाट ६५ वटा अनुसन्धानात्मक लेखहरू प्रस्तुत भई उक्त लेखहरू माथि छलफल हुनेछ।

# लेखनाथ उद्योग वाणिज्य संघको स्थापना दिवसमा दौड प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

लेखनाथ उद्योग वाणिज्य संघले आफनो २८ औं स्थापना दिवस तथा २७ औं वार्षिकोत्सवका अवसरमा बुधवार सदस्यहरुका विच दौड प्रतियोगिताको आयोजना गरेको छ।

विहानीको समय सिमसिम पानी परिरहेको अवस्थामा संघमा आवद्ध करिव दुई सय भन्दा वढि ब्यवसायिहरुको सहभागितामा पोखरा २९ को भण्डारढीक खेल मैदान देखि पोखरा २७ को तालचोक महोत्सव स्थलसम्म भएको दौड प्रतियोगितामा ५० वर्ष माथीको भेण्टास,महिला र पुरुषका बिच करिव दुई किलोमिटरको दौड प्रतियोगिता आयोजना गरिएको संघका अध्यक्ष विनोद श्रेष्ठले जानकारी दिएका छन्।

दौडका माध्यमबाट सदस्यहरुका विच एक आपसमा मित्रता,परिचय तथा सम्वन्ध विस्तार गराउने उदेस्यले राखिएको प्रतियोगितामा पुरुष तर्फ शरण कुमार प्रधान प्रथम, मदन कुमार थापा द्धितिय, सन्तोष न्यौपाने तृतिय र खेमनाथ शर्मा र होमराज भाण्डारीले सान्तवना स्थान हासिल गरेका थिए।

दौड प्रतियोगितामा प्रथम हुनेलाई आठ हजार,द्धितियलाई छ हजार,तृतियलाई चार हजार र सान्तोनालाई नगद दुई हजार र प्रमाण पत्र प्रदान गरिने छ। यसैगरि महिला तर्फको प्रतियोगितामा छाँया वसौला प्रथम,ईन्दु जोशी द्धितिय र बन्दना शाहले तृतिय स्थान हासिल गर्न सफल भएका थिए।

यता ५० वर्ष भन्दा माथीको भेण्टासमा दुर्गा बहादुर थापा प्रथम,धर्मराज वतौंला द्धितिय र दामोदरभत्त थापाले तृतिय स्थान हासिल गरेका छन्। सहभागीहरुलाई लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष विनोद श्रेष्ठ,वरिष्ठ उपाध्यक्ष राजेन्द्र ओभ्हा, प्रथम उपाध्यक्ष उपेन्द्रराज सुवेदी (राजु) र महासचिव जानुका अधिकारी लगाएतले धन्यवाद ज्ञापन गरेका थिए।

यसैबिच संघले आफनो २७ औं वार्षिकोत्सवका अवसरमा विहिवार आम ब्यवसायिहरुलाई बर्तमान अवस्थामा भोग्नु परेका समस्यका र समाधानका उपायहरुका बारेमा अर्थविद तथा राष्ट्रिय स्वतन्त्र पाटीका उप सभापति सासंद स्वर्णीम वाग्लेको उपस्थितिमा ब्यवसायिक उत्प्रेरण कार्यक्रमको समेत आयोजनागर्नलागेकोबताईएकोछ।

# पोखरामा इलेक्ट्रिक स्कुटर 'ग्यारो डिटी-६०' को विक्री वितरण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार

पर्यटकीय नगरी पोखरामा इलेक्ट्रिक स्कुटर 'ग्यारो डिटी-६०' को बिक्रि वितरण सुरु भएको छ। क्लासिक ह्वील्स एक्सपोर्ट एन्ड इम्पोर्टले उक्त ब्राण्डको स्कुटर नेपाल भित्राएको हो भने पोखरामा नयाँबजारस्थित क्रसफायर सो रुमले पोखरा क्षेत्रको लागि बिक्रि वितरण गर्न सुरु गरेको हो।

उक्त स्कुटरमा ४ हजार वाटको पिक पावर भएको मोटर जडान गरिएको छ भने १८ डिग्री भन्दा बढीको उकालोमा उक्लिन सक्ने तथा सिंगल चार्जमा ३५० किलोमिटर रेन्ज दिने क्लासिक ह्वील्स एक्सपोर्ट एन्ड इम्पोर्टका निर्देशक रेविका बुढाथोकीले बताउनु भयो। उक्त स्कुटरमा एलईडी डिस्प्ले, म्याट्रिक्स एलईडी हेडलाइट, भिजिबल ब्याकलाइट जस्ता फिचर छन्, जसले सेफ्टी र स्टाइललाई बढाएका छन्। आधुनिक प्रविधिबाट बजारमा आएको स्कुटर एक पटक चार्ज गरिसकेपछि ३५० किमीसम्म गुड्न सक्ने बताउदै बुढाथोकीले ३ लाख ६५ हजारमा उक्त स्कुटर बिक्रि वितरण भएको जनाउनु भयो। हाल उद्घाटनको अवसरमा १० हजार छुट उपलब्ध गराएको कम्पनीले जनाएको छ। कम्पनीले पोखरा सहित काठमाडौं महाराजगञ्ज, बागलुङ, वीरगञ्ज, दाङ र धनगढीमा डिलर रहेका छन्।

कम्पनीका मार्केटिङ म्यानेजर अनुराग बामले ड्राइभिङमा ६० प्रतिकिमी र स्पोर्टस् मोडमा ६८ प्रतिकिमीसम्म गुड्न सक्ने दाबी गर्नुभयो। परीक्षणका क्रममा आफू पोखरादेखि चितवन सजिलै गएर फर्किएको अनुभव उहाँले सुनाउनु भयो। यसको ब्याट्रीमा ५ वर्षसम्म वारेन्टी दिइएको भए पनि कम्तीमा १० वर्षसम्म टिकाउ हुने उहाँले जनाउनु भयो। एक पल्ट चार्ज गर्दा ६ देखि ८ घण्टासम्म समय लाग्ने कम्पनीले जनाएको छ।

यसैबिच, पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतिले उक्त स्कुटर मंगलबार एक समारोहका बिच सार्वजनिक गर्नु भएको हो।

# स्वास्थ्य क्षेत्रलाई मजबुत बनाउन गण्डकी सरकार क्रियाशिल : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १९ असार



गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री विन्दु कुमार थापाले स्वास्थ्य क्षेत्रलाई मजबुत बनाउन सरकार क्रियाशिल रहेको बताए। बुधबार बागलुङ जिल्लालाई पूर्ण खोप सुनिश्चिता तथा दिगोपना घोषणा गर्दै उनले यस्तो बताएका हुन्। नागरिकको स्वास्थ्यमा कुनै कसर बाँकी नराखी काम अगाडि बढिरहेको उनले बताए।

"प्रदेशका नागरिकको स्वास्थ्यमा हामी गम्भिर छौं। शहरका अस्पताल मात्र नभई ग्रामीण भेगका स्वास्थ्य चौकीलाई समेत व्यवस्थित बनाउँदै लैजाने प्रयत्न हाम्रो छ।", उनले भने।

मन्त्री थापाले बालमृत्युदर र अपाङ्गतालाई हटाउन खोपको आवश्यकता पर्ने हुँदा प्रदेशका बालबालिकालाई खोपको उचित व्यवस्थापन गरिएको बताए। स्वास्थ्य क्षेत्रमा काम गर्ने महिला स्वास्थ्यकर्मीहरुको प्रोत्साहनका लागि बजेट विनियोजनगरिएकोभनाईउनकोछ।

बागलुङ जिल्लाको धौलागिरी अस्पतालको स्तरोन्नती गर्दै दक्ष चिकित्सकद्वारा उपचार सेवा प्रवाह गर्ने कार्य भइरहेको उनले बताए। हाल ५० शैयाको स्वीकृति पाएको धौलागिरी अस्पताललाई १०० शैयाको स्वीकृतिका लागि ३५ रोपनी जग्गाको आवश्यकता पर्ने हुँदा जग्गा प्राप्ति तर्फ लाग्न उनको अनुरोध छ। जग्गा प्राप्तिको समस्या टरेपछि अस्पतालले उक्त स्वीकृति पाउने उनले बताए।

धौलागिरी अस्पतालका लागि मात्र ५ करोड ३१ लख ६८ हजार विनियोजनगरिएकोउनलेउल्लेखगरे।

गण्डकीका सांसद लिल बहादुर थापाले भौतिक विकास सँगै मानविय विकासको आवश्यकता रहेको बताए। गुणस्तरियतामा ध्यान दिँदै स्वास्थ्य क्षेत्रमा उल्लेखिय सुधार ल्याउन सकिने उनले बताए।

बागलुङ नगरपालिकाका मेयर बसन्त कुमार श्रेष्ठले स्थानीय निकायले पनि स्वास्थ्य क्षेत्रलाई संवेदनशील क्षेत्रको रुपमा हेरेको बताए। जिल्ला समन्वय समिति बागलुङका सदस्य सचिव बाबुराम आचार्यले बागलुङ जिल्लामा २०२ खोप केन्द्रबाट सेवा प्रवाह गरिएको जानकारी गराए। उनले १० वटा स्थानीय तहले समेत पूर्ण खोप सुनिश्चितता घोषणा गरेको बताए। ५ वर्षसम्मका १३ हजार ५६ बालबालिकालाई पूर्ण खोप लगाइएको भनाई उनको छ।

जिल्ला खोप समन्वय समिति बागलुङका अध्यक्ष अमर बहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गण्डकी प्रदेशकी उपसभामुख विना कुमारी थापा, सांसद दिपेन्द्र बहादुर थापा, डिल्लीराम सुवेदी, दिलमाया पौवी लगायतले बोलेका थिए।

## कांग्रेसद्धारा ...

बमोजिम अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार गठन गर्न सहमति भइसकेकामा प्रतिनिधिसभाको बहुमत स्पष्ट देखिएको अवस्थालाई दृष्टिगत गरी प्रधानमन्त्रीले राष्ट्रिय सहमतिको नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्न उचित हुने ठहर गरेको छ।

यसैगरी, महाधिवेशन सम्पन्न नगरेका कांग्रेसका भ्रातृ सङ्घहरूको महाधिवेशन सम्पन्न गर्न, गराउन फरक भ्रातृ सङ्घका लागि अधिकार सम्पन्न फरक-फरक निर्देशक समिति गठन गर्ने निर्णय गरेको छ।

नेपाल विद्यार्थी सङ्घ, नेपाल तरुण दल, नेपाल महिला सङ्घ, नेपाल किसान महासङ्घ, नेपाल दलित सङ्घ, नेपाल लोकतान्त्रिक खेलकुद सङ्घ, नेपाल प्रजातन्त्र सेनानी सङ्घ, नेपाल भूतपूर्व सैनिक सङ्घ, राष्ट्रिय लोकतान्त्रिक अपाङ्गता सङ्घ र नेपाल थारू सङ्घका निर्देशक समितिहरूलाई २०८१ चैत मसान्तसम्ममा अनिवार्य रूपमा भ्रातृ सङ्घको महाधिवेशन सम्पन्न गर्नेगरी दिइएको कार्यादेश, सङ्घका तदर्थ कार्यसमितिहरूको समयावधिलगायतका विषयमा यही असार १७ गते गरिएको निर्णयलाई बैठकले पारित गरेको छ।

# टिआरसी विधेयकमा सहमति जुटाउन कार्यदलको बैठक

**रासस**
काठमाडौं, १९ असार

सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी)मा नमिलेका विषयमा सहमति खोज्न गठित कार्यदलले प्रारम्भिक छलफल सुरु गरेको छ।

सिंहदरबारमा मंगलबार बसेको कार्यदलको पहिलो बैठकले विधेयकमा विमतिका विषयबारे सहमति जुटाउन छलफल अगाडि बढाएको कार्यदलका सदस्य महेश वर्तौलाले जानकारी दिनुभयो।

बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयकमा रहेका विमतिबारे छलफल भएको उहाँले बताउनुभयो। "विधेयकमा सहमति जुटाउनेगरी छलफल सुरु गरेका छौं। आज विशेषगरी मानवअधिकारको गम्भीर उल्लङ्घन, हत्याको परिभाषा, सशस्त्र द्वन्द्वका क्रममा भएका घटना र प्रभावित व्यक्ति तथा महान्यायाधीवक्ताले गम्भीर मानवअधिकार उल्लङ्घनका विषयमा गर्ने मागदाबीलगायत चार विषयमा सहमतिमा छलफल भएको हो। चाँडै असमतिका विषयलाई निष्कर्षमा पुऱ्याउँछौं", वर्तौलाले भन्नुभयो।

कार्यदल सदस्य रमेश लेखकले टिआरसी विधेयकमा सहमति जुटाउन बैठकमा सकारात्मक छलफल भएको बताउनुभयो। अर्का सदस्य जनार्दन शर्माले आजको छलफल सकारात्मक ढङ्गले अगाडि बढेकाले चाँडै असहमतिबारे चाँडै टुङ्गोमा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा नमिलेका विषयमा सहमतिका लागि केही दिनअघि सहजीकरण कार्यदल गठन गरिएको थियो।

प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का शीर्ष नेताको सहमतिमा कार्यदल गठन गरिएको हो।

कार्यदलमा कांग्रेसबाट लेखक, एमालेबाट वर्तौला र माओवादीबाट शर्मा सदस्य हुनुहुन्छ। कार्यदलले यसअघिको मस्यौदामा भएका असहमतिका चार बुँदामा छलफलगरी साझा धारणा बनाउने छ।

# नौबिसे नागढुङ्गा सडक २ दिन राति बन्द हुने

**रासस**
काठमाडौं, १९ असार

नौबिसे नागढुङ्गा सडकखण्ड बुधबार र बिहीबार राति बन्द गरिने भएको छ।

त्रिभुवन राजथपअन्तर्गत पर्ने नौबिसे खोलामा बन्दै गरेको पुलको काम गर्न लागिएकाले सम्भावित जोखिमलाई मध्यनजर गरी बुधबार र बिहीबार राति १० बजेदेखि बिहान ३ बजेसम्म दुईतर्फी सडक बन्द गर्न लागिएको हो।

दिउँसोको समयमा गाडीको चाप बढी हुने भएकाले रातिको समयमा पाँच घण्टा सवारी आवागमन बन्द गरेर काम गर्न लागिएको नागढुङ्गा मुग्लिन सडक आयोजना (पूर्वी खण्ड)का सिनियर डिभिज्नन इञ्जिनियर ईश्वरबहादुर रिजालले जानकारी दिनुभयो। "पुलको आरसिसी विम (प्रिकास्ट ब्रिज गर्डर) पुलभन्दा बाहिरको जमिनमा बनाइएको छ। त्यसलाई क्रेनले उचालेर पुलको दुवैतर्फको पिल्लर (एभिडमेन्ट)मा राख्नुपर्नेछ", इञ्जिनियर रिजालले भन्नुभयो, "नयाँ पुलमा का गर्ने भए पनि पुरानो पुलसँगै रहेकाले आइपर्नसक्ने जोखिमलाई मध्यनजर गरी सवारी रोकेर काम गर्न लागिएको हो।"


हेभी इक्विपमेन्टको प्रयोग भइरहँदा सवारीसाधन आवागमनमा बाधा पर्न जाने भएकाले सवारीको चाप नहुने समय (रातिको समय)मा काम गर्न लागिएको जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फेड डे

## सम्पादकीय

# राजीनामा नै सहज बाटो

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सरकार बनाउन नेपाली कांग्रेस र एमालेबीच सहमति भए पनि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पदबाट राजीनामा दिएर मार्ग प्रशस्त गरिदिएका छैनन् । सोमबार मध्ये राति कांग्रेस र एमालबीच नयाँ सरकार गठनका लागि ओली नेतृत्वमा नयाँ सरकार गठनका लागि सहमति भएपछि मङ्गलवार एमाले सचिवालय बैठकले बुधवार सम्ममा पदबाट राजीनामा दिएर नयाँ सरकार गठनको मार्ग प्रशस्त गरिदिन प्रधानमन्त्री दाहाललाई औपचारिक आग्रह गरेको हो । तर एमालेको आग्रह बमोजिम प्रधानमन्त्री दाहालले पदबाट राजीनामा दिने सङ्केत देखिएको छैन ।

मङ्गलवार बसेको माओवादी केन्द्रको सचिवालय बैठकले राजीनामा नदिने र संसदमा विश्वासको मत 'फेस' गर्ने भन्दै गरेको निर्णय गरेको भन्दै दाहाल राजीनामा नदिने मुडमा छन । काङ्गेस र एमालेले प्रधानमन्त्रीलाई राष्ट्रिय सहमतिको सरकार बनाउन मार्ग प्रशस्त गर्न गरेको आग्रह नमानेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको सरकारलाई दिएको समर्थन फिर्ता लिदै एमालेबाट सरकारमा रहेका मन्त्रीहरूले सामूहिक राजीनामा पत्र बुझाएका छन् । एमालेका तर्फबाट सरकारमा सहभागी भएका मन्त्रीहरुले बुधबार साँझ बालुवाटार पुगेर राजीनामा बुझाएका छन । एमालेका मन्त्रीहरूको राजीनामा र समर्थन फिर्ता लिएपछि प्रधानमन्त्री अल्पमतमा परेका छन । नेपाली कांग्रेसको समर्थनमा एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वको राष्ट्रिय सहमतिको सरकार बन्ने भएपछि एमाले मन्त्रीहरूले राजीनामा दिएको उल्लेख गरेका छन ।

एमाले अध्यक्ष ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच भएको सहमतिलाई दुवै पार्टीले अनुमोदन गरिसकेको अवस्थामा पदबाट राजीनामा दिएर राष्ट्रिय सहमतिको सरकार निर्माणको बाटो खोलिदिनु स्वयं दाहालको हितमा छ । दाहालले संविधानमा व्यवस्था भएको एक महिना भित्र विश्वासको मत लिन पाउने टेकोलाई आधार मानेर एक महिना कामचलाउ सरकारमा चलाई रहनु संविधानतः वैध भए पनि राजनीतिक रूपमा प्रिय कर मानिँदैन । शायद प्रधानमन्त्री दाहालले यो तथ्यलाई मनन गरेर नै हुन सक्छ एमालेले आफ्ना मन्त्रीलाई फिर्ता बोलाउन दुई दिन ढिलाइ गरेको हो । प्रधानमन्त्रीले संसदमा संवोधन गर्दै आफ्ना कुरा राखेर राजीनामा दिएर ओली नेतृत्वमा बन्ने सरकारलाई राष्ट्रिय स्वरूप दिन सकेमा राजनीतिक कद बढ्छ ।

प्रधानमन्त्री दाहालले राजीनामा नदिएको अवस्थामा संवैधानिक व्यवस्था अनुसार एक महिना पछि मात्रै ओली नेतृत्वमा सरकार बन्न सक्छ । संसद्का दुई ठुला दल एक भएर अघि बढ्न सहमत भइसकेको अवस्थामा तेस्रो दलका रूपमा प्रधानमन्त्री रहेका प्रचण्डले संवैधानिक छिद्रमा टेकेर सत्ता लम्ब्याउन खोज्नु पक्कै पनि मुलुकको हितमा हुँदैन । प्रचण्डलाई पनि त्यसैले कुनै फाइदा गर्दैन ।

# सहिदको स्मृतिमा उद्यान निर्माण

पोखरापत्र संवाददाता
बागलुङ, १९ असार

जिल्लाका काठेखोला गाउँपालिका-१ स्थित धिमी खानसिङमा सहिद स्मृति उद्यान निर्माण गरिएको छ । सहिद स्मृति पार्क संरक्षण केन्द्रले व्यवस्थापन गरेको दुई रोपनी १० आना जग्गामा उद्यान निर्माण गरिएको हो ।

सशस्त्र द्वन्द्वका बेला ज्यान गुमाएकाहरूको सम्मानका लागि उद्यान निर्माण गरिएको काठेखोला-१ वडाध्यक्ष खड्क थापाले बताउनुभयो । उहाँका अनुसार उद्यानमा सशस्त्र द्वन्द्वका बेला ज्यान गुमाउनुभएका भरत शेरचन, नगेन्द्र थापा, भद्रकली थापा, धनबहादु थापा, हर्कबहादुर थापा र चाँदनी थापाको सालिक राखिएको छ ।

अघिल्लो वर्षदेखि निर्माण सुरु भएको उद्यान चालु आर्थिक वर्षमा सम्पन्न भएको हो । गण्डकी प्रदेश सरकार र काठेखोला गाउँपालिकाको संयुक्त लगानीमा उद्यान निर्माण गरिएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेश सरकारले आर्थिक वर्ष २०७९/८० मा रु १५ लाख, चालु आवमा रु २० लाख र गाउँपालिकाले गत वर्ष रु दुई लाख र चालु आवमा रु दुई लाख विनियोजन गरेको थियो ।

रु ३९ लाख बजेटबाट तीन सय ५० मिटर पदमार्ग, सालिक, गेट, सडक ढलान र घराबार निर्माण गरिएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो । सहिदको सम्मानसँगै पर्यटन प्रवर्द्धन गर्न उद्यानले टेवा पुर्‍याउने भन्दै उद्यान जिल्ला सदरमुकाम बागलुङ बजार नजिकै रहेकाले पर्यटकीय हिसाबले पनि महत्त्वपूर्ण मानिएको उहाँको भनाइ छ ।

"सहिदको स्मृतिमा यो उद्यान निर्माण गरेका हौँ, यसले पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौँ । उद्यानसँग पहिचान, इतिहास र सम्मान पनि जोडिएको छ । राष्ट्रका लागि आफ्नो ज्यानको बलिदान दिनुभएका यही ठाउँका सहिदको सालिक उद्यानमा राखेका छौँ", वडाध्यक्ष थापाले भन्नुभयो ।

उद्यानले गाउँको सुन्दरतालाई बढाएको भन्दै गत वर्ष चौतारालगायत भौतिक संरचना निर्माण गरिएको थापाले जानकारी दिनुभयो । "उद्यान नजिक द्वन्द्वकालका इतिहाससँग सम्बन्धित अभिलेख राखेर यस ठाउँलाई अध्ययन अवलोकन गर्ने गन्तव्यका रूपमा विकास गर्ने योजना छ", उहाँले भन्नुभयो ।

काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले ग्रामीण पर्यटन प्रवर्द्धन गर्न यहाँ उद्यान निर्माण गरिएको बताउनुभयो । गाउँपालिकाले अन्य ठाउँमा पनि पर्यटकीय पूर्वधार निर्माणसँगै र प्रचारप्रसारमा जुटेको भन्दै वडा नं १ मा सहिद उद्यान निर्माण गरिएको उहाँको भनाइ छ । काठेखोला पर्यटकीय हिसाबले निकै सम्भावना बोकेकोठाउँभएकालेपर्यटनसम्बन्धी संरचना थप्दै जाने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

# तनहुँलाई पूर्ण खोप सुनिश्चित घोषणा

पोखरापत्र संवाददाता
तनहुँ, १९ असार

तनहुँ जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको छ । यस अगाडि जिल्लाका दशवटै पालिकालाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको थियो ।

स्वास्थ्य कार्यालयद्वारा मङ्गलबार आयोजित कार्यक्रममा १६ महिनादेखि ५९ महिनासम्मका सम्पूर्ण बालबालिकालाई राष्ट्रिय खोप कार्यक्रमको तालिका अनुसार १५ महिनाभित्र पाउनुपर्ने सबै खोप लगाइसकेको सुनिश्चिततासहित पूर्ण खोप जिल्ला घोषणा गरिएको थियो ।स्वास्थ्य कार्यालयका प्रमुख विद्या तामाङले खोप लगाउन छुटेका सबै बालबालिकाको तथ्याङ्क सङ्कलन गरी खोप लगाइएको जानकारी दिनुभयो । सो अवसरमा जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्लास्तरीय खोप समन्वय समितिका संयोजक शान्तिरमण वाग्लेले खोप सुनिश्चिततालाई दिगोपना राख्नुपर्ने बताउनुभयो ।

जिल्लाका दशवटै पालिकाका ८५ वडाका बालबालिकाले पूर्णरुपमा खोप पाएको सुनिश्चित भएपछि पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको स्वास्थ्य कार्यालयका खोप अधिकृत शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले १६ महिनादेखि पाँच वर्षसम्मका दुई हजार आठ सय १८ बालबालिकालाई सबै खोपको पहुँचमा ल्याइएको जानकारी दिनुभयो । त्यस्तै १५ महिनासम्मका एक हजार ११ बालबालिकालाई पनि खोप लगाइएको उहाँको भनाइ छ ।


## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ शाहीभञ्ज्याङ सार्वजनिक शौचालय निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : शाहीभञ्ज्याङ सार्वजनिक शौचालय निर्माण
उपभोक्ता समितिको नामः शाहीभञ्ज्याङ सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
योजना सम्झौता मिति : २०८१/०२/०९ गते
योजना सुरु मिति : २०८१/०२/१० गते
योजना सम्पन्न हुने मिति : २०८१/०३/१५ गते
योजना सम्पन्न भएको मिति : २०८१/०३/१७ गते
महानगरपालिकाबाट प्राप्त : ६,००,०००/-
जनसहभागिता : ६६,६७६/-
योजनाको कुल लागत : ६,६६,६७६/-
समिति संख्या : ७ जना महिला सदस्य : ३ जना

**सन्तोष बहादुर थापा**
अध्यक्ष
**शाहीभञ्ज्याङ सार्वजनिक शौचालय निर्माण उपभोक्ता समिति**
पोखरा-२१, कास्की


# मनाङको बाटो सधैँ जोखिमपूर्ण

पोखरापत्र संवाददाता
मनाङ, १९ असार

देशभर मनसुन सुरु भएको छ । मनसुनसँगै हिमाली जिल्ला मनाङमा बाढीपहिराको जोखिम बढ्दै गएको छ । निरन्तरको वर्षासँगै चामे गाउँपालिका-१ तिमाङ खोलाको बहाव बढेर आएको छ । सोमबारदेखि लगातार परेको वर्षाका कारण बाढीले काठेपुल बगाउँदा डुम्रे-बैँसिशहर-चामे सडक पूर्णरूपमा अवरुद्ध छ । मनसुन सुरु भएसँगै स्थानीयवासीमा त्रास बढेको छ ।

मनाङ बाढीपहिराको जोखिम क्षेत्र मानिन्छ । त्यसैले मनाङवासीलाई बाढीपहिरोको सधैँ त्रास रहन्छ । पर्यटकीय क्षेत्र भएकाले पर्यटकको यहाँ बाह्रैमास आवगमन हुने गर्छ । बाढीपहिराका कारण सडक अवरुद्ध भइरहँदा उनीहरूले सास्ती भोग्नुपर्ने अवस्था छ ।

तिमाङ खोलाले काठे पुल बगाएपछि अवरुद्ध भएको सडक खुलाउन सकस भएको छ । खोलाको बहाव नघट्दासम्म उक्त सडकमा सवारीसाधन नचलाउन जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरेको छ ।

बाढीपहिराका कारण सडक मात्र नभइ मनाङमा विद्युत्, खानेपानी सेवा पनि ठप्प हुन्छ । सदरमुकाम चामेमा समय समयमा सञ्चार सम्पर्क टुट्ने समस्या छ । सडक अवरुद्ध हुँदा जिल्लामा खाद्यान्न, औषधि, इन्धनलगायतका अत्यावश्यक वस्तुको अभाव हुने गरेको छ । स्थलमार्ग डुम्रे-बैँसीशहर-चामे सडक सञ्चालन गर्न सकस हुँदै आएको छ । बिरामीलाई उपचारका लागि अस्पताल पुग्न निकै कठिन हुन्छ ।

"वर्खामा जोखिम र सकसपूर्ण अवस्था मोल्नु पर्छ", मनाङका पर्यटन व्यवसायी विनोद गुरुङले भन्नुभयो । सो अवधिमा सबैभन्दा बढी सकस खाद्यान्न ढुवानी गर्न हुने गरेको उहाँको भनाइ छ । लमजुङको बैँसीसहर हुँदै खाद्यान्न ढुवानी गर्नुपर्ने अवस्था भएकाले छोटो समयमा नै खोलामा पुल निर्माण गरिसक्नुपर्छ । विसं २०७८ मा ठूलो क्षति व्यहोरेको सम्झदै गुरुङले मुस्ताङ हुँदै ढुवानी गर्दा अन्नपूर्ण फेरो पदमार्गको सबैभन्दा उच्च विन्दु थोराङ्ला भञ्ज्याङ (५४१६मि) पार गरेर सामान ल्याएर गुजारा चलाएको सुनाउनुभयो ।

बाढीपहिराले सधैँ मनाङको माथिल्लो क्षेत्र समस्यामा पर्छ । खाद्यान्न ढुवानी गर्न समस्या हुन्छ । चामे-५ का फुर्वा लामा भन्नुहुन्छ, "अहिले तिमाङ खोलाको बाढीले काठेपुल बगायो । माथिल्लो मनाङ आवतजावत गर्ने अवस्था छैन । लामो समय अवरुद्ध भयो भने अत्यावश्यक सामग्री पुर्‍याउनै समस्या हुन्छ ।"

मनाङ अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को संरक्षित क्षेत्रमा पर्छ । प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेका अनुसार मनाङको यात्रा धेरै जोखिमपूर्ण छ । खहरे खोला, सानातिना खोला, घट्टेखोलामा आएको बाढीले यहाँको सडक सञ्जाल विच्छेद हुने गरेको उहाँले बताउनुभयो । स्थानीयवासी सौर्य ऊर्जामाथि निर्भर रहन्छन् ।

काठेपुल बगाएपछि समयमै पुल मर्मतको काम गर्न कठिन हुने प्रजिअ लामिछानेले बताउनुभयो । बाढीको बढी जोखिमयुक्त क्षेत्र मनाङको प्रवेशद्वार तालगाउँ हो ।

यसैगरी तिमाङ खोलामा आएको बाढीले बैँसीसहर-चामे सडकमा रहेको पक्की मोटरेवल पुल बगाएको छ । गए राति तिमाङको तल्लो क्षेत्रको पक्की पुल बगाएको डुम्रे बैँसीसहर चामे सडक योजना कार्यालयका सूचना अधिकारी किरण पोखरेलले बताउनुभयो ।

यसअघि मङ्गलबार साँझ तिमाङ खोलामा राखिएको काठेपुल बगाएको थियो । गए राति सो क्षेत्रको तल्लो भागमा रहेको तिमाङको ठूलो छहराको पुल बगाएको उक्त योजना कार्यालयले जनाएको छ । सानो छहराको पुलमा ढुङ्गा र ग्रेग्र्याङ थुप्रिएर क्षति पुर्‍याएको सूचना अधिकारी पोखरेलले बताउनुभयो । सो ठाउँमा काठेपुल विस्थापित गरी दुई वर्षअघि पक्की पुल निर्माण गरिएको थियो । उक्त योजना कार्यालयका अनुसार ठूलो छहरामा स्ल्याब कल्भर्ट पुल रु १९ लाख ९४ हजार तथा सानो छहरामा कल्भर्ट पुल रु ११ लाख ८५ हजामा निर्माण गरिएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९ रेडक्रस भवन निर्माण निरन्तर गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः रेडक्रस भवन निर्माण निरन्तर
ठेगानाः पोखरा-९
योजना सम्पन्न हुने मितिः २०८१/०३/१९ गते
योजनाको कुल लागतः रु. १०,०४,५२३/-
महानगरपालिकाबाटः रु. १०,००,०००/-
अध्यक्षः शम्भुलाल श्रेष्ठ सम्पर्क नं.: ९८५६०३०८८७
उपभोक्ता समिति सदस्य संख्याः ११
महिलाः ५, पुरुषः ६

**रेडक्रस भवन निर्माण उपभोक्ता समिति**
**पोखरा-९**


# आवासीय सुविधासहित तयारी कक्षा

पोखरापत्र संवाददाता
तनहुँ, १९ असार

तनहुँको आँबुखैरेनी गाउँपालिकाले माध्यमिक शिक्षा परीक्षा (एसइई) को ग्रेडवृद्धिका लागि आवासीय सुविधासहित तयारी कक्षा सञ्चालन गर्ने भएको छ । गाउँपालिकाअन्तर्गतका विद्यालयबाट एसइईमा अनुत्तीर्ण विद्यार्थीका लागि ग्रेडवृद्धिमा सहभागी हुन पालिकाले आवासीय सुविधासहितको तयारी कक्षा सञ्चालन गर्ने निर्णय गरेको हो ।

रामशाह मावि र मित्रता माविमा अतिरिक्त कक्षा सञ्चालन गर्ने र त्यसका लागि शिक्षकहरूले सकेको सबै सहयोग गर्ने प्रतिबद्धता जनाएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो। गाउँपालिकाअन्तर्गतका दश विद्यालयमध्ये दुई विद्यालयको नतिजा शून्य छ ।

छिम्केश्वरी मावि र कन्यादेवी माविका सबै विद्यार्थी एसइईमा अनुत्तीर्ण भएका छन् । छिम्केश्वरीका १४ र कन्यादेवीका १९ विद्यार्थी परीक्षामा अनुत्तीर्ण छन् । कुल चार सय ३३ विद्यार्थीमध्ये ३.६-४ जिपिए ल्याउने १६, ३.२-३.६ जिपिए ल्याउने ४५, २.८-३.२ जिपिए ल्याउने ५२, २.४-२.८ जिपिए ल्याउने ३६ र २.०-२.४ जिपिए ल्याउने दुई विद्यार्थी छन् ।

अध्यक्ष चुमानले एसइईको नतिजाले जनप्रतिनिधि, विद्यालय प्रशासन र विषय शिक्षक फेल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो वर्षको माध्यमिक शिक्षा परीक्षामा आँबुखैरेनी गाउँपालिका नराम्रोसँग फेल भएको छ । यो नतिजाको अनुत्तीर्णमा बच्चाहरूको नाम देखिए पनि खास फेलचाहिँ हामी सरकारमा बसेर जिम्मेवारी लिने ठूला मान्छे पल्टिएकाहरू, केही हदसम्म विद्यालय प्रशासन र विषय शिक्षक भएको जस्तो लाग्छ ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १० जनप्रिय मिलन मार्ग सडक तथा नाली व्यवस्थापन गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः जनप्रिय मिलन मार्ग सडक तथा नाली व्यवस्थापन
ठेगानाः पोखरा-१०
योजना सुरु हुने मितिः २०८१/०२/२५ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/१५ गते
योजनाको कुल लागतः रु. १७,६५,६९९.६९
महानगरपालिकाबाटः रु. १५,००,०००/-
जनसहभागिताबाटः रु.२,६५,६९९.६९
अध्यक्षः गिरीमान गुरुङ सम्पर्क नं.: ९८१९१३५९०४
उपभोक्ता समिति सदस्य संख्याः ७
महिलाः २, पुरुषः ५

**जनप्रिय मिलन मार्ग सडक तथा नाली व्यवस्थापन उपभोक्ता समिति पोखरा-१०**



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शत्रुको भय | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : झमेला बड्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : शुभ यात्रा | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# भू-क्षय रोकथामका लागि ६७ हजार बिरुवा वितरण

पोखरापत्र संवाददाता
पर्वत, १९ असार

पहिरो तथा भू-क्षय रोकथामका लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय पर्वतले यस वर्ष ६७ हजार बिरुवा वितरण गरेको छ ।

पहिरोको जोखिम रहेका पर्वत, बागलुङ, म्याग्दी र स्याङ्जामा विभिन्न प्रजातिका ६७ हजार बिरुवा वितरण गरिएको हो ।

कार्यालयको चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमअन्तर्गत ६० हजार बिरुवा वितरण गर्ने लक्ष्य राखिएकामा यसवर्ष लक्ष्य भन्दा सात हजार बढी बिरुवा वितरण गरिएको कार्यालय प्रमुख दिवाकर पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार राईखन्यु, निमारो र किम्बूका बिरुवा निःशुल्क वितरण गरिएको हो ।

विभिन्न समूह, पशुपालक किसान, सहकारी तथा अन्य सङ्घसंस्थाले मागका आधारमा बिरुवा रोपिने प्रमुख पौडेलले बताउनुभयो । "पहिरोको जोखिम भएका क्षेत्रमा बिरुवा रोप्दा बिरुवाका जराले वरिपरिको माटोलाई कसिलो बनाएर राख्ने गर्दछ", उहाँले भन्नुभयो, "रुख र वन दुवैले वातावरण जोगाउन महत्वपूर्ण भूमिका खेल्छन् । रुखले हावा, पानीलाई स्वच्छ बनाउनुका साथै बाढीपहिरोबाट जोगाउँछ ।"

कमजोर र भिरालो जमिनमा थोरै दवाव पर्दा पनि पहिरो जानसक्ने हुनाले यो क्षेत्र पहिरोको दृष्टिकोणले अत्यधिक जोखिमयुक्त मानिने बताउँदै वातावरण संरक्षण गर्न र बाढीपहिरोको जोखिम न्यूनीकरण गर्न खाली तथा भिरालो जमिनमा बिरुवा रोप्नु उपयुक्त विकल्प रहेको प्रमुख पौडेलले जानकारी दिनुभयो । बिरुवा रोपेर मात्र नहुने भन्दै यसको संरक्षण गर्दै यसबाट फाइदा लिनुपर्ने जिल्ला समन्वय समितिका प्रमुख विष्णुराम विकले बताउनुभयो ।

बिरुवा वितरण गर्दा अभिलेख राखेर गर्नुपर्नेमा जोड दिँदै उहाँले बिरुवाको संरक्षण भए/नभएको बुझ्न समयसमयमा अनुगमन गर्नुपर्ने बताउनुभयो ।

बिरुवा उत्पादनमा राज्यको ठूलो रकम लगानी भएकाले बिरुवा लगेर कसैले पनि दुरुपयोग नगर्न उहाँले अनुरोध गर्नुभयो । बाँझो जमिनमा डालेघाँसका रूपमा लगाइने राईख्न्यु, निमारो पशुपालक किसानले बढी लगाउने गरेकाले अन्यको तुलनामा ती बिरुवा बढी माग भएको कार्यालय प्रमुख पौडेलले जानकारी दिनुभयो ।

कार्यालयका अनुसार म्याग्दीमा १५ हजार, बागलुङमा १५ हजार, स्याङ्जामा १५ हजार र पर्वतमा २२ हजार बिरुवा वितरण गरिएको छ । गत वर्ष यही मौसममा ७० हजार डालेघाँसका बिरुवा वितरण गरिएको कार्यालयले जनाएको छ ।

डालेघाँसका बिरुवा वितरण गर्दा पशुका लागि आहार हुने, भू-क्षय न्यूनीकरण हुनुका साथै पहिरो नियन्त्रणमा सहयोग पुग्ने भएकाले हरेक वर्ष वितरण गर्दै आइएको भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख पौडेलले जानकारी दिनुभयो ।

जिल्लास्थित डिभिजन वन कार्यालयले पनि विभिन्न प्रजातिका ३० हजार बढी बिरुवा वितरण गरेको छ । वन क्षेत्रको विकाससँगै उपभोक्ताको आयआर्जनमा वृद्धि गर्न साल, सल्लो, लोठ सल्ला, सुन्तलाजन्य फलफूल, अम्बालगायत बिरुवा वितरण गरिएको कार्यालयले जनाएको छ । जिल्लाका सातवटै स्थानीय तहले किसानको आयआर्जनमा वृद्धि गर्नका लागि ५० देखि ७० प्रतिशत अनुदानमा फलफूलका बिरुवा वितरण गरेका छन् ।

सूचना जारी गरेर किसानको मागका आधारमा सुन्तला, कागती, निबुवा, अम्बा, ओखर, नास्पाती, आँप, लिची एभोगाडो, केरालगायत उन्नत जातका फलफूलका बिरुवा वितरण गरिएको विहादी गाउँपालिकाका अध्यक्ष परविन गुरुङले जानकारी दिनुभयो ।

# अपाङ्गता भएका दशजनालाई उन्नत जातका बाख्रा वितरण

पोखरापत्र संवाददाता
तनहुँ, १९ असार

जिल्लाको घिरिङ गाउँपालिकाद्वारा 'ग' र 'घ' वर्गका दशजना अपाङ्गता भएका व्यक्तिलाई बीउपुँजीको रूपमा उन्नत जातका बाख्रा वितरण गरेको छ ।

गाउँपालिका मातहत रहेका पाँचवटा वडाबाट दुई/दुईजनाका दरले छानिएकालाई जनही एउटा बोयर जातको बाख्रा वितरण गरिएको हो । अपाङ्गता भएका व्यक्तिलाई स्वरोजगार बनाई आयआर्जनमा सघाउ पुऱ्याउने उद्देश्यले बाख्रा वितरण गरिएका स्थानीय अपाङ्गता समन्वय समितिका सदस्य–सचिव हिरामान श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँका अनुसार घिरिङ गाउँपालिका-१ बाट तुलसी कुमाल, विष्णु परियार, वडा नं २ बाट पदम थापा, सोमबहादुर दमाई, वडा नं ३ बाट सुकमाया सार्की, मनकुमारी श्रेष्ठ, वडा नं ४ बाट भुरेली कुमाल, सुकमाया कुमाल र वडा नं ५ बाट उमा थापा र ऋतिक श्रेष्ठलाई बाख्रा वितरण गरिएको हो । "क र ख वर्गका अपाङ्गता भएका व्यक्तिले राज्यबाट मासिक भत्ता पाइरहेका छन् । राज्यबाट औपचारिक रूपमा नियमित सुविधा नपाउने ग र घ वर्गका व्यक्तिलाई चालु आर्थिक वर्षदेखि गाउँपालिकाले आयआर्जनमा सघाउ पुग्ने गरी कार्यक्रम अगाडि बढाएको हो", सदस्य–सचिव श्रेष्ठले भन्नुभयो ।

गाउँपालिकाभित्र दुई सय ८२ जनाले विभिन्न किसिमका अपाङ्गता परिचयपत्र लिइसकेका छन् । ग वर्गका ४९ र घ वर्गका १४ गरी ६२ जना मध्यम र सामान्य किसिमका अपाङ्गता भएका अपाङ्गता समन्वय समिति सदस्य कृष्णप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

"गाउँपालिकाले उदाहरणीय कार्य सुरु गरेको छ, यसबाट अपाङ्गता भएका व्यक्तिले राहत महसुस गरेका छौं, हामीमा थप उत्साह मिलेको छ", उहाँले बताउनुभयो ।

गाउँपालिका अध्यक्ष होमबहादुर थापाले शारीरिक रूपमा अशक्त व्यक्तिको जीवनस्तर उकास्न पालिकाले सहयोग गरिरहेका बताउनुभयो ।

मध्यम र सामान्य गरी ६२ जना अपाङ्गता भएका व्यक्तिको निःशुल्क स्वास्थ्य बीमा गर्न गाउँपालिकाले प्रक्रिया अगाडि बढाएको उहाँले जनाकारी दिनुभयो ।

# बन्दीपुरका हरेक गाउँः पर्यटकीय ठाउँ

पोखरापत्र संवाददाता
तनहुँ, १९ असार

तनहुँको बन्दीपुर गाउँपालिकाले हरेक गाउँहरूलाई पर्यटकीय ठाउँका रूपमा विकास गर्ने भएको छ ।

बन्दीपुर बजारभन्दा केही पर रहेका गाउँहरूलाई पूर्वाधार विकास गरी पर्यटकीय ठाउँका रूपमा विकास गर्न लागिएको हो ।

बन्दीपुर -३ रामकोट, वडा नं ५ को कोरिखा, भ्भारगाउँ, वडा नं ६ को धरमपानी, हुस्लाङ, कमलबारी, लखनबारी, ग्याजाटारलगायत गाउँलाई पर्यटकीय ठाउँ बनाउने अभियान सञ्चालन गरिने गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । पालिकाले त्यस्ता ठाउँमा रहेको घरबास (होमस्टे) को संरक्षण, प्रवर्द्धन, घरबासमा पूर्वाधार निर्माणमा सहयोग गर्ने उहाँले बताउनुभयो ।

गाउँपालिकाले आन्तरिक पर्यटकलाई आकर्षित गर्न 'घुम्न जाउँ बन्दीपुर' सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम अगाडि बढाएको छ । यसका लागि काठमाडौं, पोखरा, विराटनगरजस्ता ठूला सहरमा उक्त कार्यक्रम सञ्चालन गरिने अध्यक्ष थापाले बताउनुभयो ।

पर्यटनलाई आम्दानीको मुख्य स्रोत ठान्दै धेरैभन्दा धेरै पर्यटक भित्र्याउन विभिन्न कार्यक्रम गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "विशेष संरक्षित क्षेत्र तथा पौराणिक सहरका रूपमा रहेको बन्दीपुर बजारलाई थप आकर्षक बनाउन विशेष पौराणिकता झल्कने कार्यक्रम सञ्चालन गर्ने सोचमा छौं ।"

गण्डकी प्रदेशको दोस्रो पर्यटकीय गन्तव्य एवं पहाडकी रानीको नामले परिचित बन्दीपुरका छवटै वडाका पर्यटकीयस्थलको दिगो विकासका लागि बन्दीपुर गाउँपालिकामा पर्यटकीय केन्द्र बनाइने अध्यक्ष थापाले उल्लेख गर्नुभयो ।

पौराणिक सहरका रूपमा रहेको तनहुँको बन्दीपुर गाउँपालिकालाई संरक्षित क्षेत्र घोषणा गरिएको छ । बन्दीपुरमा आउने पर्यटकको लागत राख्न र होमस्टे होटलहरूको एकीकृत जानकारी गराउन पर्यटन सूचना केन्द्रको स्थापना गरिने, होमस्टेको संरक्षण संवर्द्धन र प्रवर्द्धन गरी होमस्टे सर्किटको विकास गरिने, सिद्धगुफा, पातलदारी गुफा हुस्लाङकोट दरबार, मुकुन्देश्वरी पदमार्ग, चन्द्रकोटगढी, थानीमाई, भुकभुके पर्यटकीय क्षेत्रलगायतका पर्यटकीयस्थलको संरक्षण गर्ने नीति अगाडि सारिएको छ।

# तीस दिनभित्र दोहोरो पद छोडिसक्न सहकारी संस्थाका सञ्चालकलाई निर्देशन

रासस
काठमाडौं, १९ असार

सहकारी विभागले एउटै व्यक्ति दुई वा त्यसभन्दा बढी सहकारी संस्थाको सञ्चालक हुन नपाउने व्यवस्था गरेको छ ।

विभागले कोही दोहोरो पदमा रहेको भए त्यसलाई त्यागेर एकल पद कायम गर्न सबै सहकारी संस्थालाई आज निर्देशन दिएको हो । सहकारी ऐन २०७४ को दफा ४१ (५) मा कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्ने व्यवस्था रहेकोले ऐनको उक्त प्रावधान कार्यान्वयन गर्न निर्देशन जारी गरिएको सहकारी विभागका रजिष्ट्रार पीताम्बर घिमिरेले जानकारी दिनुभयो ।

सहकारी बैंकको हकमा पनि पनि यस्तै निर्देशन दिइएको छ । यो निर्देशन कार्यान्वयन भए-नभएको अनुगमन गरिने र यदि कार्यान्वयन नभएको पाइएमा कानुनबमोजिम कारबाही गरिने पनि विभागले जनाएको छ । विभागले आजै सहकारी संस्थाका ऋणीहरुको कर्जा तीन महिनाका लागि पुनर्तालिकीकरण गर्न परिपत्र पनि गरेको छ । "परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीलाई कर्जा चुक्ता गर्न परेको कठिनाईलाई दृष्टिगत गरी ऋणी सदस्यलाई परेको प्रभाव मूल्याङ्कन गरी सदस्यको माग, आवश्यकता र औचित्यका आधारमा गत वर्ष खराब ऋणीको सूचीमा नपरेका र यसअघि यस्तो सुविधा नलिएका ऋणीहरुको हकमा मात्र कर्जा पाकेको ५० प्रतिशत ब्याज भुक्तानी गरेमा बाँकी साँवालाई तीन महिनाको अवधिका लागि पुनर्तालिकीकरण गर्न सकिनेछ", विभागको परिपत्रमा भनिएको छ ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ चनौटे ठुलीपोखरी बाटो निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः चनौटे ठुलीपोखरी बाटो निर्माण
ठेगानाः पोखरा-१९, चनौटे
योजना सम्भौता मितिः २०८०/१०/०७ गते
योजना सुरु हने मितिः २०८०/१०/०८ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/०६ गते
योजनाको कुल लागतः रु.१८,८८,९२६.८५
महानगरपालिकाबाटः रु.१७,००,०००/-
जनसहभागिताबाटः रु.१,८८,९२६.८५
अध्यक्षः विमल के.सी. सम्पर्क नं.: ९८२६११७५०३
उपभोक्ता समिति सदस्य संख्याः १३ महिलाः ५, पुरुषः ८

**चनौटे ठुलीपोखरी बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-१९, चनौटे**

## ग्रामीण कृषि बचत तथा ऋण सहकारी संस्था लि.

**भीरकोट नगरपालिका वडा नं.-२, स्याङ्जा**

## लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशित सूचना २०८१/०३/२०**

यस ग्रामीण कृषि बचत तथा ऋण सहकारीबाट व्यवसाय कर्जा लानुभै कर्जा चुक्ता नगरेकाले कर्जा चुक्ता गर्न पटक पटक लिखित एवं मौखिक तरताकेता गर्नुका साथै पटक पटक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता गर्न नआएकाले कर्जाको सुरक्षण वापत संस्थाको नाममा लेखिएको तपशिल बमोजिमको अचल सम्पत्ती बिक्री गरी संस्थाको लेना रकम (साँवा, ब्याज, हर्जना) मा नघट्ने गरी बढाबढ गरिने हुँदा सबैको जानाकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। ऋणीले संस्थाबाट कर्जा लिँदा कर्जा सुरक्षणवापत राखेको अचल सम्पत्ती जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा लिन चाहनेले मिति २०८१/०४/२५ गते शुक्रबारका दिन बिहान १०:०० बजेदेखि दिनको २:०० बजेसम्म संस्थाको कार्यालयमा स्वयं वा प्रतिनिधि उपस्थित भई लिलाम बिक्रीमा भाग लिन सूचना गरिएको छ ।

**तपशिल**

| क्र. सं. | ऋणीको विवरण | धितो विवरण | संस्थाले असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| १. | नाम : चित्र बहादुर कार्की<br>बाबु : तिल बहादुर कार्की<br>बाजे : हिमाल कार्की<br>ठेगाना : फेदीखोला गा.पा., वडा नं. २, स्याङ्जा | स्याङ्जा जिल्ला साविक फेदीखोला गाविस वडा नं. १ को कि. नं. २७६५, १४२२ र २६४५ को क्षेत्रफल क्रमश : ०-८-०-३, ०-६-२-३ र ०-५-०-२ को जग्गा | रु. ६,९५,०००/- (छ लाख पन्चानब्बे हजार रुपैंया मात्र) |

शर्तहरु :

१. डाक लिलाम बढाबढ गर्ने दिन ऋणीका अंशियार वा प्रतिनिधि उपस्थित हुन यसै सूचनाबाट जानकारी गराईन्छ ।
२. धितो लिलाम बिक्रीबाट संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी, धन जमानी र ऋणीका एकाघर परिवारको अन्य जायजेथा समेतबाट असुल उपर गरिनेछ ।
३. लिलाम डाक बढाबढ हुँदा सबैभन्दा बढी डाक बोलनेको स्वीकार गरिने, सो अंकको १०% ले हुन आउने रकम सोही दिन जम्मा गर्नुपर्नेछ । बाँकी रकम सहकारी विनियमावली वमोजिम गर्नुपर्नेछ ।
४. अन्य आवश्यक विषयका सम्बन्धमा सहकारी कानूनसँग नबाभिने गरी निर्णय गरिने, एवम् अन्य आवश्यक कुराहरु सहकारी नियमावली बमोजिम हुनेछ ।

**ग्रामीण कृषि बचत तथा ऋण सहकारी संस्था लि.**
**भीरकोट न.पा. वडा नं.-२, बयरघारी, स्याङ्जा**

## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०३।१८ गते
दोश्रो पटक प्रकाशित मितिः २०८१।०३।१९ गते
तेश्रो पटक प्रकाशित मितिः २०८१।०३।२० गते

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १६२६०७/०७३/०७४ को साविक गलेश्वर टुर्स एण्ड ट्राभल्स प्रा. लि.को नाम परिवर्तन भई अब उपरान्त हिमालयन क्लिसपर टुर्स एण्ड ट्राभल्स प्रा. लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**गलेश्वर टुर्स एण्ड ट्राभल्स प्रा. लि.**
पोखरा म.न.पा. १५, कास्की, नेपाल

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं.९ संग्राहालय पूर्व भागबाट सिद्धमार्ग हुदै सेती नदीसम्म नाला ढल निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः संग्राहालय पूर्व भागबाट सिद्धमार्ग हुदै सेती नदीसम्म नाला ढल निर्माण
ठेगानाः पोखरा-९
योजना सम्भौता मितिः २०८०/११/०३ गते
योजना सुरु हने मितिः २०८०/११/०४ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/१० गते
योजनाको कुल लागतः रु.३५,२९,५००/-
महानगरपालिकाबाटः रु.३०,००,०००/-
जनसहभागिताबाटः रु.५,२९,५००/-
अध्यक्षः शुम्भलाल श्रेष्ठ सम्पर्क नं.: ९८५६०३०८८७
उपभोक्ता समिति सदस्य संख्याः ७ महिलाः २, पुरुषः ५

**संग्राहालय पूर्व भागबाट सिद्धमार्ग हुदै सेती नदीसम्म नाला ढल निर्माण पोखरा-९**

## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०३।१८
दोश्रो पटक प्रकाशित मिति २०८१।०३।१९
तेश्रो पटक प्रकाशित मिति २०८१।०३।२०

यस कम्पनीको मिति २०८१।०३।०८ गतेको विशेष साधारण सभाको पारित निर्णय र श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौको मिति २०८१।०३।११ गतेको निर्णय अनुसार श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता रहेको यस कम्पनीको साविकको नाम केफाश इन्भेष्टमेन्ट कम्पनि प्रा. लि. (Cephas Investment Company Pvt. Ltd.) को प्रा.लि. दर्ता नं. १२५९२३/०७१/०७२ लाई परिवर्तन गरी हालको नाम केफास इन्भेष्टमेन्ट एण्ड होल्डिङ्स प्रा.लि. (Cephas Investment and Holdings Pvt. Ltd.) कायम गर्ने र साविकको कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु पर्ने व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गर कायम गरिएको व्यहोरा सरोकारवाला तथा सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ दोपहरे थामाकोडाँडा र पोखरेलथोक ट्रेक निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : दोपहरे थामाकोडाँडा र पोखरेलथोक ट्रेक निर्माण
उपभोक्ता समितिको नामः दोपहरे थामाकोडाँडा र पोखरेलथोक ट्रेक निर्माण उपभोक्ता समिति, पोखरा-२१, कास्की
योजना सम्भौता मिति : २०८०/१२/२१ गते
योजना सुरु मिति : २०८०/१२/२२ गते
योजना सम्पन्न मिति : २०८१/०३/१५ गते
महानगरपालिका बाट प्राप्त : ५०,००,०००/-
जनसहभागिता : ५,५८,३८६/५८
योजनाको कुल लागत : ५५,५८,३८६/५८
समिति संख्या : ११ जना
महिला सदस्य : ४ जना

**नन्दलाल सुवेदी (सानो)**
अध्यक्ष
**दोपहरे थामाकोडाँडा र पोखरेलथोक ट्रेक निर्माण उपभोक्ता समिति,**
**पोखरा-२१, कास्की**